# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प. सं. १/२०८०/०८१ प्र. अ. वि. शा.
च. नं. १४५६

मिति: २०८०।०६।०२

विषय: जानकारी सम्बन्धमा ।

श्री महाशाखा (सबै),
श्री वडा कार्यालय (सबै),
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय, चितवनको च.नं २०९/१३३० मिति २०८०/०५/२६ को निर्णय कार्यान्वयन गर्ने सम्बन्धी प्राप्त पत्रानुसार संविधान दिवस-२०८० मनाउने सन्दर्भमा तपसिल अनुसार गर्नु गराउनु हुन जानकारी गराइन्छ ।

तपसिल:

- मिति २०८० असोज ३ गते बिहान ७:०० बजे सम्पूर्ण कर्मचारीको उपस्थितिमा कार्यालय परिसर सरसफाई गर्ने:
  - नगर कार्यपालिका कार्यालयको मुख्य भवन रहेको क्षेत्रमा वातावरण तथा विपद व्यवस्थापन महाशाखाले संयोजन गर्ने ।
  - स्वास्थ्य तथा सामाजिक विकास महाशाखा र आर्थिक विकास महाशाखा रहेको भवन परिसरमा सम्बन्धित महाशाखाले संयोजन गर्ने ।
  - सबै वडा कार्यालयहरुमा वडा अध्यक्षसंगको समन्वयमा वडासचिवले संयोजन गर्ने ।
- मिति २०८० असोज २ र ३ गते बेलुकी ७:०० बजे नगर प्रहरी व्यवस्थापन शाखाले नगर कार्यपालिका कार्यालय परिसरमा दीप प्रज्वलन गर्ने ।

(नरेन्द्र कुमार राना)
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चितवन

फोन: ०५६-५२११४४
०५६-५२०११८
०५६-५२०१०५
०५६-५३३७३०
फ्याक्स ०५६-५२०३४७

भरतपुर महानगरपालिका
दर्ता नं. २०५८
मिति:

प.सं. ०८०/०८१
च.नं. २०१/ १३३१

मिति:-२०८०।०५।२६

विषय: संविधान दिवस मनाउने सम्बन्धमा।

श्री जिल्ला समन्वय समिति चितवन ।
श्री स्थानीय तहहरु सबै, चितवन ।
श्री कार्यालय प्रमुख ज्यू, चितवन स्थित सरकारी कार्यालय सबै ।

प्रस्तुत विषयमा गृह मन्त्रालय संविधान दिवस (राष्ट्रिय दिवस) मूल समारोह समितिको सचिवालयको पत्र संख्या: संविधान दिवस-२०८०, च.नं. १४० मिति २०८०।०५।२१ गतेको पत्र यसै पत्रसाथ संलग्न राखी तहाँ पठाइएको छ । व्यहोरा सोही पत्रबाट अवगत गर्नुभई सो पत्रबाट लेखि आए बमोजिम गर्ने/गराउने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ ।

२०८०।५।२६
सहायक प्रमुख जिल्ला अधिकारी

अत्यन्त जरुरी

नेपाल सरकार

# गृह मन्त्रालय

संविधान दिवस (राष्ट्रिय दिवस)
मूल समारोह समितिको सचिवालय

पत्र संख्या:- संविधान दिवस-२०८०
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- १४०

सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति: २०८०/०५/२१

श्री जिल्ला प्रशासन कार्यालय, सबै।

विषय : संविधान दिवस मनाउने सम्बन्धमा।

संविधान दिवस, २०८० यही असोज २, ३ र ४ गते तीन दिनसम्म भव्यतासाथ मनाउने सन्दर्भमा संविधान दिवस, २०८० मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको अध्यक्षतामा मिति २०८०।५।१७ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकबाट पारित कार्यक्रम मुताबिक तपसिल बमोजिमका कार्यक्रम सहित दिवस मनाउने व्यवस्था मिलाउन हुन निर्णयानुसार अनुरोध छ।

तपसिल

१. जिल्लास्थित सबै सरकारी तथा सार्वजनिक निकायका कार्यालय एवं शैक्षिक तथा सामुदायिक संघ-संस्थाहरुले राष्ट्रिय झण्डा एवं ब्यानर सजाई कार्यालय र परिसरको सरसफाई गर्ने,
२. जिल्लाभित्र रहेका धार्मिक, सांस्कृतिक सम्पदास्थलहरुको सरसफाई सहित सौन्दर्यीकरण अभिवृद्धि गर्ने,
३. जिल्लास्थित सबै सरकारी तथा सार्वजनिक निकायका कार्यालयहरु र सार्वजनिक महत्वका सम्भाव्य स्थलहरुमा २, ३ र ४ गते साँझ दीप प्रज्ज्वलन गर्ने। साथै, मण्डला, दरबार-स्क्वायर जस्ता सार्वजनिक महत्वका स्थानहरुमा सुरक्षाकर्मी सहितको समूहद्वारा दीप प्रज्ज्वलन गर्ने र जिल्लावासी आमनागरिकहरुले समेत आ-आफ्नो घर-घरमा ३ गते साँझ दीप प्रज्ज्वलन गर्न अनुरोध गर्ने,
४. स्थानीय छापा तथा विद्युतीय सञ्चार माध्यमबाट संविधानको महत्वका विषयमा विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रकाशन-प्रसारण गर्न लगाउने,
५. संविधान दिवसका सन्दर्भमा संघ, प्रदेश र स्थानीय पालिका एवं सरकारी, गैरसरकारी तथा सामुदायिक संघ-संस्थाहरुबाट आयोजना तथा सञ्चालन हुने रचनात्मक, सिर्जनात्मक, सन्देशमूलक तथा जनचेतनामूलक कार्यक्रमहरुमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने, गराउने,
६. जिल्लास्थित मठ-मन्दिर, बुद्ध-विहार, मस्जिद, गुरुद्वार, चर्चलगायत धार्मिक स्थानहरुमा पुजारी-धर्मगुरुबाट नित्य-पूजा, पाठ वा प्रार्थना गर्दा राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता, लोकतन्त्र र संविधानका लागि आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात शहीदहरुको आत्माको चीरशान्तीको कामनासहित उच्च-सम्मानका साथ श्रद्धासुमन अर्पण गर्ने व्यवस्था मिलाउने।

(भीमकान्त शर्मा)
उपसचिव

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

चितवन

फोन: [illegible]
फ्याक्स: [illegible]

प.सं. ०८०/०८१
च.नं. २०९/ 9330

मिति- २०८०।०५।२६

विषयः निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा।

भरतपुर महानगरपालिका
दर्ता नं. २०४६
मिति ०५/२८

श्री स्थानीय तहहरु सबै
चितवन ।

प्रस्तुत विषयमा संविधान दिवस- २०८० मनाउने सन्दर्भमा प्रमुख जिल्ला अधिकारी ज्यूको संयोजकत्वमा मिति २०८०।०५।२६ गते जिल्ला प्रशासन कार्यालय चितवनमा बसेको बैठकबाट भएको निर्णय पत्र यसै पत्रसाथ संलग्न राखी कार्यान्वयनको लागी तहाँ पठाइएको व्यहोरा निर्देशनानुसार अनुरोध छ ।

२०८०/५/२८

सहायक प्रमुख जिल्ला अधिकारी

२/५/२८

## निर्णयहरु:

१) गृह मन्त्रालय संविधान दिवस (राष्ट्रिय दिवस) मूल समारोह समितिको सचिवालयको पत्र संख्या: संविधान दिवस-२०८०, च.नं. १४० मिति २०८०।०५।२१ गतेको पत्र निर्देशनअनुसार संविधान दिवस २०८० लाई यहि असोज २, ३ र ४ गते तीन दिनसम्म भव्यताका साथ मनाउन सम्माननीय प्रधानमन्त्री पुष्प कमल दाहाल "प्रचण्ड" ज्यूको अध्यक्षतामा बसेको मूल समारोह समितिको बैठकको निर्णय बमोजिम पारित भएका कार्यक्रमहरु सहित जिल्ला स्तरमा विविध कार्यक्रमहरु गरी संविधान दिवस मनाउने सन्दर्भमा जिल्ला समन्वय समिति चितवनका प्रमुख श्री नारायण प्रसाद अधिकारी ज्यूको अध्यक्षतामा संविधान दिवस २०८० जिल्ला समारोह समिति गठन गर्ने निर्णय गरियो ।

### जिल्ला समारोह समिति:

| | | | |
|---|---|---|---|
| १) | जि.स.स प्रमुख | श्री नारायण प्रसाद अधिकारी | अध्यक्ष |
| २) | प्र.जि.अ | श्री भूपेन्द्र थापा | सदस्य |
| ३) | प्र.प्र.अ.,भरतपुर म.न.पा | श्री नरेन्द्र कुमार रानो | सदस्य |
| ४) | प्रमुख सेनानी | श्री रुपक थापा | सदस्य |
| ५) | प्रहरी उपरीक्षक | श्री रामेश्वर कार्की | सदस्य |
| ६) | सशस्त्र प्रहरी उपरीक्षक | श्री शशी पाण्डे | सदस्य |
| ७) | उप-अनुसन्धान निर्देशक | श्री कमल प्रसाद भट्टराई | सदस्य |
| ८) | कार्यालय प्रमुख, चितवन स्थित सरकारी कार्यालय सबै | | सदस्य |
| ९) | अध्यक्ष, चितवन उद्योग वाणिज्य संघ | श्री चुननरायण श्रेष्ठ | सदस्य |
| १०) | अध्यक्ष, उद्योग संघ चितवन | श्री त्रिलोचन कंडेल | सदस्य |
| ११) | अध्यक्ष, पत्राकार महासंघ | श्री नारायण प्रसाद अधिकारी | सदस्य |
| १२) | अध्यक्ष, नेपाल रेडक्रस सोसाइटी | श्री हरि प्रसाद पौडेल | सदस्य |
| १३) | जि.स.अ चितवन | श्री हरिप्रसाद शर्मा | सदस्य सचिव |

२) उपरोक्तानुसारको जिल्ला समारोह समितिले मुल समारोह समितिबाट प्राप्त कार्यक्रमका साथ साथै जिल्ला स्तरमा सरसफाई, रक्तदान, वृक्षारोपण, प्रभातफेरी, अन्तरक्रिया एवम् दिपावली लगायतका कार्यक्रम संचालन गर्ने गरी चितवन जिल्लाको हकमा संविधान दिवस २०८० विविध कार्यक्रम गरि भव्यताका साथ मनाउने निर्णय गरियो ।

३) सदरमुकाम बाहिर रहेका स्थानीय तहहरुले मुल समारोह समितिबाट प्राप्त कार्यक्रमका साथै पालिका स्तरमा रचनात्मक एवं सिर्जनात्मक कियाकलाप संचालन गरी संविधान दिवस २०८०, लाई भव्यताका साथ मनाउने ।

२०८०।०५।२६
भूपेन्द्र थापा
प्रमुख जिल्ला अधिकारी

CamScanner